गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

## राइड सेयरिङ सेवा दर्ता सम्बन्धी सूचना

गण्डकी प्रदेश सरकारद्वारा जारी गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८२ को नियम (३) मा गण्डकी प्रदेश भित्र राइड सेयरिङ्ग सेवा सञ्चालन गर्न इच्छुक सेवा प्रदायक कम्पनी वा संस्थालाई तोकिए बमोजिम दर्ता इजाजतपत्र प्राप्त गरी मात्र सेवा सञ्चालन गर्नु पर्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

गण्डकी प्रदेश भित्र हाल दर्ता इजाजतपत्र नलिई राइड सेयरिङ सेवा सञ्चालन गरिरहेका सेवा प्रदायक संस्था,कम्पनी, व्यक्ति तथा प्लेटफर्महरुलाई यो सूचना प्रकाशित भएको मितिले तिस (३०) दिन भित्र सम्बन्धित कार्यालयमा आवश्यक कागजात सहित दर्ता प्रक्रिया पूरा गर्न अनुरोध गरिन्छ। तोकिएको अवधि भित्र दर्ता इजाजतपत्र प्राप्त नगरी सेवा सञ्चालन गरेको पाइएमा गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन)(दोस्रो संशोधन) नियमावली, २०८२ को नियम (३) तथा अन्य प्रचलित कानून बमोजिम दण्ड जरिवाना गरिने बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८२ https://mopid.gandaki.gov.np मा हेर्न सकिने छ।

**गोरखापत्रमा प्रकाशित मिति: २०८३/०३/१८**